Regd No: 77/1263/057/058 PAN No: 302275560

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

President
Ganesh Karki

Senior Vice President
Mohan K. Dangi

Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

General Secretary
Balaram Khatiwada

Deputy General Secretary
Prakash Chandra Dulal

Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

Treasurer
Narendra Ballav Panth

Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

Associate Member
Shailendra Guragain

IPP & Chief Advisor
Krishna P. Acharya

च न १ ३१ (०८१/८२)

मिति : २०८१/१२/२८

**माननीय ऊर्जामन्त्री श्री दीपक खड्काज्यू**
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

**विषयः आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमको लागि सुझावहरु पेश गरिएको सम्बन्धमा ।**

महोदय,

नेपालका निजी जलविद्युत उत्पादकहरुले सरकारको पन्ध्रौं योजना र ऊर्जा उत्पादन मार्गचित्रको आधारमा यस क्षेत्रमा ठूलो लगानी गरिरहेको अवगत नै छ । निर्माण सम्पन्न ३ हजार ५०० मेगावाट, निर्माणाधीन ४ हजार १०० मेगावाट तथा निर्माणमा जान लागेका २० हजार मेगावाटका आयोजनाका लागि १५ खर्बभन्दा बढी लगानी गरिसकेको छ । सरकारले सन २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत उत्पादन पुऱ्याई भारत र बंगलादेशमा १५ हजार मेगावाट निर्यात गरी मुलुकमा आर्थिक समृद्धि हासिल गर्ने सरकारको लक्ष्यलाई पूरा गर्न निजी क्षेत्र निरन्तर रुपमा सक्रिय छ ।

मुलुकमा निर्यात बढाउन तथा आयात न्यूनीकरण गर्न, सरकारको उज्यालो नेपालको अभियानलाई सफल पार्न तथा राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेर काम गरिरहेको ऊर्जा विकासलाई अझ तीब्रता दिनका लागि यस क्षेत्रको विकास र प्रवर्द्धन गर्नुपर्ने यथार्थतालाई मनन गरी सरकारको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा देहायका सुझावहरु समावेश गरिदिन हुन माननीय ऊर्जा, जलस्रोत तथा सिंचाईमन्त्रीज्यू समक्ष स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) को तर्फबाट हार्दिक अनुरोध गर्दछौं ।

**देहाय :**

१) सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरुको मर्मत सम्भारका लागि मेशिन तथा मेसिनरी पार्टपुर्जाहरु तथा स्टिल पाता/पाइप आयात गर्दा एक प्रतिशत भन्सार महशुस लिई मूअकर छुट गर्ने आर्थिक वर्ष २०७८/०७९ सम्म कायम व्यवस्था गत आ.व. देखि २८ प्रतिशत पुऱ्याउँदा ऊर्जा आयोजनाहरुको लागत धेरै बढ्न गएको र बाढीबाट क्षतिग्रस्त जलविद्युत् आयोजनाको पुर्ननिर्माणको लागि आयात गर्दा समेत भन्सार छुट नभएर सामान भन्सारमै रोकिएकोले पुनः भन्सार छुट सुविधा प्रदान गरिदिनुहुन ।

२. आयोजना निर्माण तथा संचालनमा लागेको मूल्य अभिबृद्धि कर कट्टि वा फिर्ता विधिबाट आयोजना निर्माण लागतमा कर पुँजीकृत हुने हालको व्यवस्था हटाई तत्काललाई विद्युतको स्थानीय बिक्री तथा निकासीमा मूल्य अभिबृद्धि करको दर शुन्य लगाउने व्यवस्था गर्दा ग्राहक मूल्य पनि नबढ्ने र आयोजना निर्माणमा हुने कर लागतसमेत कम हुन गई नेपालमा उत्पादित विद्युत सस्तो र प्रतिस्पर्धी हुने हुँदा विद्युतको बिक्रीलाई मूल्य अभिबृद्धि कर लाग्ने वस्तुका रुपमा व्यवस्था गरीदिनहुन ।

३. विद्युत् उत्पादनको क्षेत्रमा विस्फोटक पदार्थको अभाव, बाढी पहिरो, सरकारी प्रक्रियागत ढिलासुस्ती लगायतका कारणले आयोजनाको निर्माण कार्य ढिलाई भएकोले विद्युत् उत्पादन अनुमती पत्र र RCOD को म्याद २ वर्ष थप गर्ने व्यवस्था गरिदिनुहुन ।

४. जलविद्युत तथा सौर्य विद्युत आयोजनाहरुले ग्रिन हाउस ग्यास उत्सर्जन गर्न सहयोग पुऱ्याउने भएकाले भोलन्टरी कार्बन मार्केटमा कार्बन बिक्री गर्न ऊर्जा उत्पादक कम्पनीहरुलाई निजी क्षेत्रबाट पहल गर्न, आर्थिक लाभ लिन सरकारले सहमति प्रदान गर्ने व्यवस्था गरिदिनुहुन ।

*President*
Ganesh Karki
*Senior Vice President*
Mohan K. Dangi
*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
*General Secretary*
Balaram Khatiwada
*Deputy General Secretary*
Prakash Chandra Dulal
*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
*Treasurer*
Narendra Ballav Panth
*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
*Associate Member*
Shailendra Guragain
*IPP & Chief Advisor*
Krishna P. Acharya

५. सरकारले अघि सारेको १० वर्षभित्र २८ हजार ५०० मेगावाट उत्पादन पुऱ्याउने लक्ष्यसहितको ऊर्जा विकास मार्गचित्र हासिल नगरेसम्मका लागि विद्युत उत्पादन गर्ने आयोजनालाई पहिलो १० वर्षसम्म शतप्रतिशत र त्यसपछि ५ वर्षसम्म ५० प्रतिशत आयकर छुट दिने व्यवस्था गरिदिनहुन ।

६. नेपालमा विद्युतको बढ्दो उत्पादनको बजार व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा विद्युत् व्यापार गर्नका लागि निजी क्षेत्रलाई विद्युत् व्यापार, प्रसारण लाईन निर्माण र हाइड्रोजन उत्पादनका लागि अनुमतिको व्यवस्था गरिदिनुहुन ।

७. बैंक तथा वित्तीय संस्थाहरुले आगामी १० वर्षभित्र कम्तीमा २० प्रतिशत लगानी जलविद्युत क्षेत्रमा गर्नुपर्ने व्यवस्था गरिदिन हुनका साथै पुर्नकर्जाको सीमा एक अर्बसम्म पुऱ्याई दिनुहुन ।

८. नेपाल राष्ट्र बैंकले प्रकाशन गर्ने मूल्यवृद्धि सुचांक अनुसार PPA दर लाई समायोजन गरिने व्यवस्था गरिदिनुहुन ।

९. निजी जलविद्युत प्रवर्द्धकहरुको समेत सहभागितामा निजी क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि मन्त्रालयमा ऊर्जा विकास इकाई गठन तथा विद्युत विकास विभागमा निजी क्षेत्र प्रवर्द्धन कोष स्थापना गरी यसमार्फत विभिन्न कार्यक्रम गर्ने व्यवस्था गरिदिनुहुन ।

१०. जलविद्युत आयोजनालाई स्वीकृत EIA/IEE मा निर्धारण गरिएको जग्गाको हदसम्मको जग्गा खरिद गर्दा हदबन्दी नलाग्ने व्यवस्था गरिदिनुहुन ।

११. नेपाल सरकारको बजेट वक्तव्य २०७१/०७२ मा घोषणा भए बमोजिम निर्माण सम्पन्न भई व्यापारिक उत्पादन शुरु गरेका आयोजनाहरुलाई दिने भनिएको प्रति मेगावाट रु. ५० लाख भ्याट फिर्ता भूक्तानीको व्यवस्था २८,५०० मेगावाट उत्पादन लक्ष्य प्राप्त नभएसम्मको लागि कायम गर्दै कार्यान्वयनको व्यवस्था गरिदिनुहुन ।

१२. विद्युतीय सवारी साधानको आयात गर्दा, डिजेल/पेट्रोलको ईञ्जिनलाई ईलेक्ट्रिकमा परिणत गर्न आयात गरिने ईलेक्ट्रिक ईञ्जिन, घरायसी विद्युतीय सामानहरुमा शतप्रतिशत कर छुट दिन र निजी क्षेत्रलाई चार्जिङ स्टेशन स्थापना गर्न अनुमति दिनुहुन ।

१३. घरायसी तथा औद्योगिक विद्युत् खपत विस्तार गर्नको लागि विद्युत्को वितरण तथा प्रसारण प्रणालीमा सुधार र ग्यासको विस्थापनको लागि ग्यासमा दिइएको अनुदान खारेज गरी मिटर अपग्रेड गर्न र ईन्डक्सन चुलोमा अनुदान दिने व्यवस्था गरिदिनुहुन ।

१४. सञ्चालनमा आएका जलविद्युत आयोजनाहरुले आयोजना क्षेत्रमा सौर्य विद्युत उत्पादन (बढीमा एक मेगावाटसम्म) विद्युत उत्पादन गर्न चाहेमा साविककै विद्युत खरिद दर अनुसार पीपीएको व्यवस्था गरिदिनुहुन ।

१५. विद्युत् खपत बढाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका व्यारेक, सरकारी अस्पताल र होस्टलहरुमा विद्युतीय चुलोक्को उपयोग अनिवार्य गर्ने ब्यबस्था गरीदिनुहुन ।

१६. जलासययुक्त आयोजनाहरुको प्रोत्साहनका लागि हाल भईरहेको पीपीए दर न्यून भएकोले निजी क्षेत्र आकर्षित हुन नसकेकाले पीपीए दर वृद्धि गरिदिन वा न्यून परिपूर्ति कोष (भीजीएफ) को व्यवस्था गरिदिनुहुन ।

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

१७. ऊर्जा उद्यमीहरुले नेपाल सरकारका १४ मन्त्रालय र ४० वटा विभागमा धाउनु पर्ने परिपाटीको अन्त्यको लागि ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालयमा अधिकार सम्पन्न एकद्वार प्रणालीको व्यवस्था गरीदिनहुन ।

१८. उर्जा उत्पादक कम्पनीले आफ्नो आम्दानी ऊर्जा उत्पादन वा प्रसारण लाईन आयोजनामा लगानी गरेमा सो रकमलाई कटाई बाँकी रहेको रकममा मात्र आयकर लगाईने व्यवस्था आर्थिक वर्ष २०७९/०८० को बजेटमा समावेश भएकोमा यसलाई निरन्तरता गरिदिनुहुन ।

१९. ग्लोबल वार्मिङका कारणले जलविद्युत आयोजनाले पूर्व निर्धारित विद्युत उत्पादन गर्न नसकेको अवस्थामा सबै जलविद्युत आयोजनाले तिर्नु परिरहेको हाइड्रोलोजी पेनाल्टी छुट गरिदिनुहुन ।

२०. जलविद्युत आयोजना संचालन गर्ने कम्पनीहरु मर्जरमा गएमा कर छुट दिने व्यवस्था गरिदिनुहुन ।

२१. नेपालको संविधानमा संघीय सरकारले मात्र जलविद्युत आयोजनाबाट कर तथा रोयल्टी लिन पाउने व्यवस्था भएपनि प्रदेश र स्थानीय सरकारले जथाभावी कर लिने गरेकोले सो कर लिन नपाउने गरी स्पष्ट व्यवस्था गरिदिनुहुन ।

२२. सौर्य विद्युत आयोजनालाई पनि बाह्य देशबाट आयात हुने सम्पूर्ण निर्माण सामाग्रीहरुमा जलविद्युत आयोजना सरह नै भ्याट तथा भन्सार छुटको व्यवस्था गरिदिनुहुन ।

२३. स्टोरेज तथा पम्प स्टोरेज विद्युत आयोजनामा निजी क्षेत्रलाई आकर्षीत गर्नका लागि अनुमतिपत्रको अवधि ७५ वर्ष, रोयल्टी र आयकरमा २५ वर्षसम्म छुट तथा उचित प्रतिफल दिने पीपीए दर निर्धारण गरिदिनुहुन ।

धन्यवाद ।

भवदीय

गणेश कार्की
अध्यक्ष